# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, फागुन ३ गते २०५२ साल (अतिरिक्ताङ्क ४५


## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५२ सालको ऐन नं.१२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

622

# सार्वजनिक सडक सुधार दस्तुर कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल अधिराज्यका सार्वजनिक सडकहरुको नियमित रुपमा मर्मत तथा संभार गर्न त्यस्ता सार्वजनिक सडकहरुमा चल्ने सवारीमा दस्तुर लगाई यसबाट उठेको रकम जम्मा गरी एउटा सार्वजनिक सडक सुधार दस्तुर कोषको स्थापना र सञ्चालन गर्ने सम्वन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन वनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ३ वमोजिम स्थापना भएको कोष सम्झनु पर्छ ।

(ख "सडक" भन्नाले सार्वजनिक सडक ऐन, २०३१ बमोजिमको सार्वजनिक सडक सम्झनु पर्छ ।

(ग) "दस्तुर" भन्नाले दफा ५ वमोजिम सडकमा चल्ने सवारीवाट उठाउने सडक सुधार दस्तुर सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
628

(घ) "समिति" भन्नाले दफा ८ वमोजिम गठित कोष सञ्चालक समिति सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा बा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

३. <u>कोषको स्थापना</u> : (१) सार्वजनिक सडक सुधार दस्तुर कोष नामको एक कोषको स्थापना गरिएकोछ ।

(२) कोषलाई आवर्ति कोष (रिभल्भिङ फण्ड) को रुपमा सञ्चालन गरिनेछ । त्यस्तो कोषको सञ्चालन तोकिए वमोजिम हुनेछ ।

४. <u>कोषमा रहने रकम</u> : कोषमा देहायका रकमहरु रहने छन् :-

(क) दफा ५ बमोजिम सवारी साधनवाट असुल गरिएको दस्तुरवाट प्राप्त रकम,

(ख) श्री ५ को सरकारवाट समय समयमा प्राप्त अनुदान रकम,

(ग) अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

५. <u>दस्तुर लगाउने</u> : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको सडक उपभोग गर्ने तोकिएको सवारी साधनले तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६२८०

(२) उपदफा (१) वमोजिमको दस्तुर सवारीको चालकवाट तोकिए बमोजिम असुल उपर गरिनेछ ।

६. दस्तुर उठाउने कार्यालय : निर्माण तथा यातायात मन्त्रालयले तोकेको कार्यालयले दस्तुर उठाउनेछ ।

७. कोषको प्रयोग : कोषको रकम सडकको मर्मत, सम्भार तथा व्यवस्थापन गर्न र सोको लागि आवश्यक जग्गा खरिद गर्नमा प्रयोग गरिनेछ ।

८. कोष सञ्चालक समिति : (१) देहाय वमोजिमका पदाधिकारी रहेको कोष सञ्चालक समिति रहनेछ :-

(क) सचिव, निर्माण तथा यातायात मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) महानिर्देशक, यातायात व्यवस्था विभाग -सदस्य

(ङ) महानिर्देशक, सडक विभाग -सदस्य-सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) श्री ५ को सरकार समक्ष सडकमा चल्ने सवारी साधनको वर्गीकरण गरी त्यस्तो वर्गीकरणका सवारी साधनले बुझाउनु पर्ने दस्तुर रकम निर्धारण गर्ने सम्वन्धमा सिफारिश गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

628

(ख) कोषको रकमबाट गरिने खर्चको चयन र त्यस्तो कार्यको सञ्चालन र रेखदेख गर्ने ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५ को उपदफा (१) बमोजिम तोकिएको सडक वाहेक अन्यत्र कोषको रकम खर्च गर्न सकिने छैन ।

(४) समितिले आफ्नो कार्य व्यवस्था आफैं व्यवस्थित गर्न सक्नेछ ।

(५) समितिका पदाधिकारीहरुले श्री ५ को सरकारले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।

९. कोषको व्यवस्थापन र सञ्चालन : (१) कोषमा जम्मा हुने रकम समितिले तोकेको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाताको सञ्चालन समितिले तोके वमोजिम हुनेछ ।

१०. परामर्श लिने : श्री ५ को सरकारले दफा ५ वमोजिम दस्तुर निर्धारण गर्दा समेत सम्वन्धित क्षेत्रका उपयुक्त संझेका निकाय वा व्यक्तिसंग परामर्श लिन सक्नेछ ।

११. समितिको सचिवालय : समितिको सचिवालयको काम श्री ५ को सरकारको सडक विभागले गर्नेछ ।

१२. समितिको प्रशासनिक खर्च : समितिको प्रशासनिक खर्चको लागि आवश्यक पर्ने रकम दस्तुरबाट उठेको कुल रकमको तीन प्रतिशतमा नबढ्ने गरी समितिले कोषबाट खर्च गर्न सक्नेछ ।



625
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. दस्तुर छुट दिन सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास व्यक्ति वा संस्थाको सवारीलाई पूर्ण वा आंशिक रुपमा दस्तुर नलाग्ने गरी छुट दिन सक्नेछ ।

१४. दस्तुर बुझाउने सम्बन्धी प्रक्रिया : (१) सडकमा चल्ने सवारीले प्रत्येक पटक सडक प्रयोग गर्दा यस ऐन बमोजिम दस्तुर बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दस्तुर असुल गर्ने तरीका समितिले तोके बमोजिम हुनेछ ।

१५. दस्तुर नबुझाएसम्म सवारी रोक्न सकिने : दस्तुर नबुझाएसम्म सडकमा चल्ने सवारीलाई रोक्का गर्न सकिनेछ ।

१६. कसूर र दण्ड सजाय : (१) कसैले यस ऐन बमोजिमको दस्तुर नबुझाई सडकमा सवारी चलाएमा पहिलो पटक पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्नेछ । निजले सोही कसूर पुनः दोहऱ्याएमा पटकै पिच्छे निजलाई एकहजार रुपैयाँसम्म जरिवाना हुन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिमको दस्तुर र उपदफा (१) बमोजिम लागेको जरिवाना नबुझाएमा त्यस्तो सवारी साधनको दर्ता प्रमाणपत्र वा इजाजतपत्र स्थगित गर्न दफा १७ बमोजिमको अधिकारीले सम्बन्धित यातायात व्यवस्था कार्यालयको प्रमुख समक्ष लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयको प्रमुखले पनि सम्बन्धित सवारीको दर्ताको प्रमाणपत्र वा बाटो इजाजतपत्र स्थगित गरिदिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

620

१७. सजाय गर्ने अधिकारी : दफा १६ बमोजिम सजाय गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

१८. पुनरावेदन : दफा १७ बमोजिमको अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिन भित्र सम्बन्धित राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्नेछ ।

१९. सवारी साधन लिलाम बिक्री गरी वा अरु जायज्यथाबाट दस्तुर र जरिवाना असल उपर गर्न सक्ने : कसैले दफा ५ बमोजिम बुझाउनु पर्ने दस्तुर वा दफा १६ बमोजिम लागेको जरिवाना नबुझाएमा दफा १७ बमोजिमको अधिकारीले त्यस्तो सवारी साधन लिलाम बिक्री गरी वा निजको अरु जायज्यथाबाट त्यसरी लागेको दस्तुर वा जरिवाना असुल उपर गर्न सक्नेछ ।

२०. लेखापरीक्षण : कोषको लेखापरीक्षण महालेखापरीक्षकको विभागबाट हुनेछ ।

२१. सहयोग गर्नु पर्ने : समितिको कार्य सम्पादनको सिलसिलामा सम्बन्धित सबै सरकारी कार्यालयको कर्मचारीले समितिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

२२. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा निर्माण तथा यातायात मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२३. अधिकार प्रत्यायोजन : समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार समितिको अध्यक्ष, सदस्य वा अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२९

२४. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२५. <u>बचाऊ</u> : यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिए जति कुरामा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

२६. <u>खारेजी</u> : सवारी कर ऐन, २०१८ खारेज गरिएको छ ।

लालमोहर सदर मिति :-२०५२।११।३५

आज्ञाले,
**सुरेसमान श्रेष्ठ**
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

632